दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक १९२ | बुटवल | २०८१ असार २५, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday July 09, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# स्टेचरमा सुत्केरी बोकेर घर पुगे स्वास्थ्यकर्मी

**दशरथ घिमिरे**

*देउखुरी*



यतिबेला सामाजिक सञ्जालमा एउटा तस्विर चर्चामा छ । जुन तस्विरमा स्टेचरमा एक महिलालाई बोकेर स्वास्थ्यकर्मीहरू लम्किरहेको देखिन्छन् । तस्विर सञ्जालमा सार्वजनिक भएपछि जसको बारेमा प्रतिक्रियाहरू पनि आइरहेका छन् । आउने अधिकांश प्रतिक्रियाहरू सकारात्मक छन्, जसमा स्वास्थ्यकर्मीहरूको प्रशंसा गरिएको छ। सञ्जालमा छाइरहेको उक्त तस्विर प्यूठानको ऐरावती गाउँपालिका- ६, काल्नेको हो ।

काल्नेकी ३० वर्षीया जीवा विकलाई एक्कासी सुत्केरी व्यथाले च्याप्यो । शनिबार बेलुकी करिब ८ बजे उनी बर्थिङ सेन्टरमा भर्ना भइन । आमासँग हिँडेर मल्लरानी- ३ स्थित धरमपानी स्वास्थ्य चौकी पुगेकी जीवाले त्यसैदिन राति १० बजे छोरी जन्माइन । आमा र बच्चाको आवश्यक उपचारपछि स्वास्थ्य संस्थाले घर जान सल्लाह दियो । तर, उनी आफैं हिँडेर घर जान सक्ने अवस्था थिएन । एक्ली आमाले उनी र बच्चालाई लैजान सक्ने अवस्था झनै रहेन ।

लगातारको झरीले बाटो बिगारेकाले यातायातका साधन आउने स्थिति थिएन । गाउँका युवाहरू बोलाउ भने पनि घरमा छैनन् । उनका श्रीमान भारतमा रोजगारी गर्दछन् । अब के गर्ने ? स्वास्थ्यकर्मीहरू पनि अलमल परे । अरु कुनै उपाय नभएपछि स्वास्थ्यकर्मीले आफैं बोकेर सुत्केरीलाई घरसम्म लैजाने निधो गरे । वर्षाले सडक बिग्रिएको र गाउँमा युवाहरूसमेत नभएका कारण सुत्केरी महिलालाई स्वास्थ्यकर्मीहरूले बोकेरै घरसम्म पुर्‍याएको धरमपानी स्वास्थ्य चौकीका इन्चार्ज टुकाराम पोखेलले बताए । 'भर्खरकी सुत्केरीलाई हिंडाउँदा झन जोखिम हुने देखेर बोक्न तयार भयौं,' उनले भने-'सडक अवरुद्ध थियो । गाउँमा युवा भेटिएनन् । अनि बोक्न स्टेचर उठायौं ।'

सुत्केरी जीवाको घरदेखि धरमपानी स्वास्थ्य चौकी करिब एक घण्टाको दूरीमा छ । साढे २ किलोमिटर अफ्ठेरो बाटोमा बोकेर सुत्केरीलाई घर पुर्‍याइएको हो । 'स्वास्थ्य चौकीमा ७ जना कार्यरत छौं,' उनले भने-'एक जना सिस्टरलाई कार्यालयमा छोडेर अरु सबै सुत्केरी बोक्न गयौं ।' बाटोमा स्वास्थ्यकर्मीहरूले सुत्केरी बोकेको देखेर पनि कोही मान्छेले पनि सहयोग नगरेको इन्चार्ज पोखरेलले गुनासो गरे । उनले भने-'बाटोमा मान्छेहरूले हामीलाई हेरिरहे । तर, सहयोग गर्न आएनन् ।'

स्वास्थ्य चौकी इन्चार्ज पोखेलसहित, अहेब मुना केसी, अनमी पार्वता पुन, ल्याब असिस्टेन्ट शान्ता पुन र कार्यालय सहयोगी नमा पौडेलले जीवालाई पालैपालो बोकेका थिए । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा उनीहरुले कहिले खालीखुट्टा त कहिले चप्पल लगाएर सुत्केरी बोकेर हिँडेको देखिन्छ । जीवा विक मल्लरानी-२ को स्याला भन्ने ठाउँबाट हालैमात्र बसाइँ सरेर ऐरावती गाउँपालिकामा गएकी थिइन् ।

यो स्वास्थ्य चौकी प्यूठानको चुजाठाँटी बजार नजिकै पर्छ । जीवाको घर जाँदा त्यही बजारको बाटो हुँदै जानुपर्छ । स्वास्थ्य चौकीमा आएका व्यक्तिहरुले बोक्न नमाने पनि बजारबाट कसै न कसैले पक्कै काँध थापेर साथ देलान् भन्ने लागेको थियो स्वास्थ्यकर्मीहरुलाई । तर, बजार क्षेत्रबाट पनि कोही सहयोगी निस्किएन् । आठ वर्षदेखि अनमी पदमा कार्यरत पार्वताका लागि सुत्केरीलाई बोकेर घरैसम्म पुर्‍याइदिएको पहिलो अनुभव हो ।

'हामीले केहीबेर दुःख पाए पनि सुत्केरी र शिशु दुवै स्वस्थ हुनुहुन्छ भन्ने कुरा सुनेका छौं । त्यही थाहा पाउँदा पनि आनन्द लाग्छ,' उनले भनिन्-'हामीले जे सक्थ्यौं, त्यही गर्‍यौं ।' एक घण्टा स्टेचरमा बोकेर घरसम्म पुर्‍याउन पाएकामा स्वास्थ्यकर्मी खुसी छन् । तर, स्थानीयहरुबाट सहयोग नपाउँदा भने दुःख व्यक्त गरेका छन् । 'बजारको बाटो भएर गयौं । कसैले पनि काँध थाप्न आएनन्,' पोखेलले भने-'स्वास्थ्य चौकीबाट हिंडाउँदा आउँछन् की भन्ने लागेको थियो । हेरेर बसे तर, काँध थाप्न आएनन् ।'

स्वास्थ्यकर्मीको माया र साथ पाएकोमा जीवा खुसी छिन् । सो स्वास्थ्यचौकीमा प्यूठानको मल्लरानी, ऐरावती गाउँपालिका र अर्घाखाँचीको भूमिकास्थानको १ नम्बर वडाका स्थानीयले सेवा लिँदै आएका छन् ।

**स्वास्थ्य चौकीमा २४ घण्टा सेवा**

स्वास्थ्य चौकीको खुल्ने समय बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म हो । तर, ऐरावती गाउँपालिकाको यो स्वास्थ्य चौकीमा २४ घण्टा उपचार सेवा प्रदान गरिँदै आएको छ । स्वास्थ्य चौकी प्रमुख पोखेलका अनुसार गत वर्ष जिल्लामा कार्यसम्पादनमा दोस्रो स्थान प्राप्त गरेको थियो, स्वास्थ्य चौकीले ।

'स्वास्थ्य चौकी भएर पनि हामीले २४ घण्टा उपचार सेवा दिएका छौं,' उनले भने-'यसपाली पहिलो स्थानमा पुर्‍याउने अठोट छ ।' प्राथमिक स्वास्थ्य केन्द्रभन्दा राम्रो स्वास्थ्य उपचार प्रदान गरिरहेको भनाइ उनको रहेको छ ।

# लापर्बाहीले राजमार्गमा सधैँ सास्ती



**रामकुमार श्रेष्ठ**

*नवलपरासी*

पूर्वपश्चिम राजमार्ग सडक विस्तारको जिम्मा पाएको चाइना स्टेट कम्पनीको लापर्बाहीका कारण यो वर्षामा पानी पर्नासाथ नवलपुरको चोरमारादेखि दाउन्नेसम्मको सडक खण्डमा यात्रुले दैनिक जसो सास्ती बेहोर्नु परेको छ ।

करिब १ घण्टामा पार गर्न सकिने यो सडक खण्ड अहिले घण्टौ लाग्ने गरेको छ । दाउन्ने सडक खण्ड मात्र १४ किलो मिटरको छ । बाटो सहज भए बढीमा २० देखि ३० मिनेट लाग्ने यो सडक खण्ड मात्रै पार गर्न ४/५ घण्टा लाग्ने गरेको छ भने दाउन्नेदेखि पूर्व चोरमारासम्म करिब ४० किलोमिटर खण्ड अहिले पानी पर्दा पुरै हिलाम्मे हुने र घाम लाग्ना साथ पूरै धुलाम्मे हुने गरेको छ । जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक बेदबहादुर पौडेलका अनुसार पछिल्लो एक सातामा पानीकै कारण सबैभन्दा बढी दाउन्ने र चोरमारा खण्डमा बढी सडक अवरुद्ध हुने गरेको छ ।

पछिल्लो ३ दिनमा चोरमारा खण्डमा सडक ५ पटक बढी अवरुद्ध हुन पुग्यो भने दाउन्ने सडक खण्डमा एक सातामा सात पटकभन्दा बढी अवरुद्ध भएको छ । त्यसो त ३ साता अगाडि पूर्वी नवलपरासी र पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारीको रोहबरमा चाइना स्टेट कम्पनीसँग बसेको छलफलले सडक अवरुद्ध भएको १ घण्टाभित्रै सडक खोल्ने प्रतिबद्धता जनाए पनि त्योअनुसार काम हुन सकेको देखिँदैन । सामान्य पानी पर्नासाथ बाटो हिलाम्य हुने र गाडीहरु पास हुन नसकेर बाटो अवरुद्ध हुने गरेको छ ।

**७ दिनभित्र खाल्डाखुल्डी पुर्न निर्देशन**

वर्षाको कारण बुटवल-नारायणगढ सडक दिनदिनै जसो अवरुद्ध भएपछि निर्माण कम्पनी चाइना स्टेट कम्पनीलाई ७ दिनभित्र बुटवल-नारायणगढ सडकको पूर्वी खण्डमा खाडल पुर्न निर्देशन दिइएको छ ।

सोमबार जिल्ला समन्वय समिति नवलपुरको आयोजनामा कावासोतीमा भएको नवलपुरका जनप्रतिनिधि, सुरक्षा निकाय र सरोकारवालाबीचको छलफलमा यस्तो निर्देशन दिइएको हो । अहिले बुटवल-नारायणगढ सडक खण्डको दाउन्ने र चोरमारामा दैनिक जसो सडक अवरुद्ध हुने गरेको छ भने दाउन्ने, दुम्किबास, अरुणखोला, चोरमारा, कावासोती, गैँडाकोटलगायतका स्थानमा अत्यधिक खल्डाखुल्टी भएको छ । पूर्वपश्चिम राजमार्गको नवलपुर खण्डमा अहिले जम्मा ५३ प्रतिशतको हाराहारीमा काम भएको छ । सडक निर्माणको ठेक्का अवधि साउन ८ गते सकिँदै छ । चाइना स्टेट कम्पनीले भने अहिले आफूहरुसँग पैसा नभएको भन्दै वर्षाको बेला ठाउँठाउँमा सडक अलपत्र पारेर छाडेको छ ।

सडक अलपत्र हुँदा यात्रुहरुलाई यात्रामा निकै सास्ती भएको छ भने अहिले चोरमारा र दाउन्ने खण्डमा दैनिक जसो सडक अवरुद्ध हुने गरेको छ ।

चाइना स्टेट कम्पनीले चोरमारामा तत्काल ग्राभेल बिछ्याएर पानी पर्दा सडक अवरुद्ध नहुने गरी काम गर्ने प्रतिबद्धता जनाएको छ भने ७ दिनभित्र पूर्वपश्चिम राजमार्गमा रहेको खाल्डाखुल्डीहरु पुर्ने प्रतिबद्धता जनाएको जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विकले जानकारी दिए ।

# राजेश हमाल पाल्पामा व्यस्त

**कृष्ण पोखरेल**

*पाल्पा*



दुई दिनदेखि नेपाली फिल्मी क्षेत्रका महानायक राजेश हमाल र नायक धिरेन शाक्यसहितको टोली पाल्पामा घुमफिर गरेका छन् । दुबै नेपाली हिरो राजेश हमाल र धिरेन शाक्य पाल्पामा चलचित्र छायाँकनको लागि नभई आफ्नो तरिकाबाट पाल्पाका विभिन्न स्थानहरुमा घुम्दै फिर्दै आनन्द लिँदै हिंडेका छन् ।

निश्चित कार्यक्रको दायराभन्दा फरक तरिकाले घुम्दै, स्थानीयवासीसँग कुराकानी गर्दै, जे भेटिन्छ त्यही खाँदै, स-साना नानी बाबुदेखि वृद्ध बुवाआमासँग फोटो खिच्दै, भलाकुसारी गर्दै नायक राजेश हमाल र धिरेन शाक्य पाल्पाका विभिन्न स्थानहरुमा घुमेका छन् ।

राजेश हमाल, धिरेन शाक्यको टोलीले पाल्पाको रामपुर क्षेत्रमा बेझाड बजार, कृत्रिम ताल तालपोखरा, १० अवतारको वालन नाच, नेपालकै ठूलो अमरिसो बगान काउलेडाँडामा घुमफिर गरी स्थानीयवासीसँग कुराकानी गर्दै, फोटो खिच्दै रमाए ।

तानसेनमा महानायक राजेश हमाल र नायक धिरेन शाक्यको टोलीले अंग्रेजलाई युद्धमा हराएको खुसियालीमा वि.स. १८७६ मा निर्माण भएको भगवती मन्दिर, काजी अमरसिंह थापाले विसं. १८६३ मा निर्माण गरेको अमर नारायण मन्दिर, पुरानो परम्परागत तानसेन शहर, मखनटोल, पाल्पा दरबार संग्रहालय, पद्म पव्लिक माध्यमिक विद्यालय, श्रीनगर पार्क तथा वन क्षेत्र, भैरव मन्दिर भैरवस्थान, त्रिभुवन बहुमुखी क्याम्पसलगायत स्थानहरुमा घुमफिर गरेका छन् ।

पाल्पा परम्परागत कालदेखि नै एक पर्यटकीय गन्तव्य स्थल रहेकोले, पर्यटकीय चहल पहल बढाउने, धेरैभन्दा धेरै मानिसलाई पाल्पाका रमणीय स्थलहरुको जानकारी गराउने र पाल्पामा घुम्न बोलाउने, धार्मिक ऐतिहासिक सबै किसिमका पर्यटकहरु पाल्पा चिनाउने, पाल्पामा अन्तर्राष्ट्रियस्तरका पर्यटकहरु भित्र्याउने मुख्य योजनाका साथ घुमफिर गर्दै हिंडेको महानायक राजेश हमालले बताए । आफ्नो जन्म स्थान तानसेन निकै परिवर्तन भएको रहेछ, जन्म स्थानका साथीभाइसँगै घुम्न पाउँदा निकै रमाइलो लागेको महानायक हमालले अनुभव बताए ।

अर्का नायक धिरेन शाक्यले देशका चर्चित सेलिब्रेटीहरुलाई पाल्पामा ल्याउने, घुमाउने, र पाल्पाको प्रचारप्रसार गर्ने र पाल्पामा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने अभियानमा जोडिएको जनाए ।

पर्यटनको मेरुदण्ड भनेको आफ्नो स्थानलाई राम्ररी चिनाउनु, आफ्नो स्थानप्रति अरुलाई आकर्षित गर्नु, धेरैभन्दा धेरै मानिसलाई आफ्नो स्थानमा भित्र्याउनु, आफ्नो क्षेत्रको कला संस्कृति, पहिचान, इतिहास, भेषभुषाले घुम्न आएका मानिसलाई आकर्षित गरेर खुसी बनाउँदै स्थानीयवासीहरुलाई आयआर्जनसँग जोडेर जीविकोपार्जनलाई सहज र सजिलो बनाउने अभियानका साथ आफूहरुको यात्रा नेपालमा रहेको यात्रा टोलीका संयोजक साकार प्रधानले बताए । यात्रा नेपालको क्रममा खिचिएको डकुमेन्ट्री प्रचारप्रसार गरी पाल्पामा पर्यटकीय चलह पहल बढाउन यो अभियान सुरु गरिएको व्यवस्थापक प्रकट नारायण श्रेष्ठले जनाए ।

घुमफिरको लागि नेपाली कांग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, दर्शन नेपालका सल्लाहकार सन्दिप राना, नेपाल रेडक्रस सोसाईटी पाल्पाका उप-सभापति भिमसेन कार्की, भगवती मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जन, तानसेन नगरपालिकाका वडा नं. १ का वडाध्यक्ष सुनिल बस्याल, वडा नं. २ का वडाध्यक्ष महेश्वर श्रेष्ठ, वडा नं. ६ का वडाध्यक्ष सागरमान महर्जनलगायतले टोलीको यात्रामा साथ दिएका थिए । यात्रामा सहभागी पाहुनाहरुलाई तानसेन टक्सारको नेवारी धिमेबाजा बजाउँदै स्वागत गरिएको थियो ।


भैरहवामा प्राविधिक शिक्षा अध्ययन गर्न भर्ना खुल्यो



CTEVT बाट सम्बन्धन प्राप्त यस प्रतिमान- निमा स्मृति प्रतिष्ठानमा शैक्षिक सत्र ०८१/०८२ का लागी भर्ना फारम खुल्यो ।

| कार्यक्रमहरु | अवधी | न्युनतम शैक्षिक योग्यता |
| --- | --- | --- |
| Lab Technician | ३ वर्ष | SEE मा Overall GPA score 2.0 हुनुपर्ने । |
| Diploma In Forestry | ३ वर्ष | SEE मा Overall GPA score 1.6 हुनुपर्ने । |

- फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते ।
- प्रवेश परिक्षा संचालन हुने मिति : २०८१ श्रावण १५ गते विहान ८ बजे ।

विशेषताहरू:
- शान्त मनोरम वातावरणमा आफ्नै भवनमा अध्यापन गराईने ।
- अनुभवी प्रध्यापकहरुद्वारा अध्यापन गराइने ।
- न्यूनतम शुल्कमा अध्ययन गर्न सकिने ।
- भौतिक पूर्वाधार सम्पन्न भएको ।

थप जानकारीको लागि:
प्रतिमान-नीमा स्मृति प्रतिष्ठान
सिद्धार्थनगर-३ भैरहवा, रुपन्देही
फोन नं.: ०७१-५९०८५६, ९८४१२७१६६४, ९८५७०१५६२८

# अस्थिर सरकार र जनतामा हैरानी






झपेन्द्र शैवयान बौद्धयान

*प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारबाट एमालेलगायत पार्टीहरु बाहिरिएपछि र विश्वास छैन, अब तपाईं प्रचण्डले राष्ट्र जनतामा तात्विक असर पर्ने कुनै निर्णय नगर्न भनी आह्वान गरिसके पछि स्यालले भैंसीका आँडो कुरे भैं कुर्नुको कुनै अर्थ छैन। तर एक दिन भए पनि कुर्सीमा टिक्ने मोहले गाँजेको छ।*

१.१ नेपाली राजनीतिको अस्थिर खेलबाट वाक्क-दिक्क भएर नेपाली जनता यसरी गुनासो गर्दै तिजी लयभाकामा र लोक लयभाकामा गुनासो गर्न बाध्य छन् ।

१.२ छायाँ दियो माया दियो पिपलको छायाँले

खोइ त मलाई के दियो तिम्रो मायाले ?

खान दियो सिँचाइ गऱ्यो गाउँकै ढुङ्गेधाराले

खोइ त मलाई के दियो तिम्रो धाराले ?

कस्ता रैछन् ? तिम्रा धारा घारा भन्दा नालायक

संविधानको धाराभन्दा घारा लायक ।

कलम थेन पहिले पहिले बाँसले लेख्थे आखर

छिः छिः तिम्ले किन गिद्धे आखर ।

स्थिर छैन राज्य भयो सधैँ अस्थिर

दिन दिनै दिलभित्र बढ्दैछ झन् पिर

विदेशतिर टोपी पाल्दा यहाँ धोती फाल्दछन्

बुझ्नै भा'को पतो छैन शिलोक हाल्दछन्

विकास र सुशासनको शिलोक कति सुन्ने हो ?

सधैंभरि इन्द्रजाल कति बुन्ने हो ?

पराइकै इशारामा चल्ने हिंड्ने बानीले

हैरान पारे विदेशीको कलो खानेले

धाराभन्दा घारा बरु माया लाग्ने भइसक्यो

अस्मिता र अस्तित्व त कता गइसक्यो ?

३.सुन्दर देश निर्माण गर्ने भनेर, समृद्ध देश र समतामूलक समाज निर्माण गर्ने भनेर अनि जनतालाई अधिकार सम्पन्न बनाउने भनेर पटक-पटक आम्दोलन गरियो । सुपतहरुले आफ्नो प्यारो शरीरको दान दिए।

४. त्यसैबाट प्राप्त मिठो फल डकारिरहेछन् । हामीले खाएको आटोपिठो ढिंडोमा पनि उनीहरुको सुवास छ। तर त्यस खाले प्राण सुँघन सक्ने शक्ति चोट्टा नेतामा रहेको पाइँदैन।

५.आफ्नो र आफ्नाको हित भलो भए सम्पूर्ण चोट्टा महोदयको ध्यान गयो।

६.राज्य सञ्चालन गर्ने समग्र प्रक्रियालाई राजनीति भनिन्छ । राजनीति गर्नेहरु क्रमशः नेता, कार्यकर्ता, जनप्रतिनिधिहरुलाई (प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री) भनिन्छ । सांसद पनि यसैभित्र पर्छन् ।

७. प्रधानमन्त्रीदेखि पियनसम्मलाई कर्मचारी भनिन्छ।

८. कर्मचारीले आफूलाई कर्मचारी मात्र भनेको रुचाउन्न । त्यही भएर राष्ट्रसेवक कर्मचारी उनीहरुलाई भन्ने गरिन्छ।

९. कर्मचारी सञ्जालभित्र पनि निजामती जंगी, सुरक्षाजस्ता निकाय छन्।

१०.कर्मचारी सञ्जाललाई स्थायी सरकार भनिन्छ।

११.जनप्रतिनिधि सञ्जाल निर्वाचिन सञ्जाल हो। नीति निरुपणको अध्यक्षता जनप्रतिनिधिले गरेका हुन्छन् र कर्मचारी सञ्जालले आफूलाई विशेषज्ञको हैसियतमा प्रस्तुत हुँदै भूमिका निर्वाह गर्दछन्।

१२.हाम्रो देशमा २००४ सालमा राणा प्रधानमन्त्री पद्म शमशेरले जनतामा छारो हाल्नकै लागि भए पनि एउटा संविधान जारी गरे । २००७ सालको परिवर्तनपछि अन्तरिम कालमा राजा त्रिभुवनबाट जारी अन्तरिम संविधान, २०१५ सालमा महेन्द्रबाट बाट जारी भएको नेपालको संविधान, संसदीय व्यवस्थाको अन्त्यपछि २०१९ सालमा, राजा महेन्द्रले जारी गरेको संविधान, २०४६ सालको परिवर्तनपछि २०४७ सालमा राजा वीरेन्द्रले जारी गरेको संविधान, २०६२/०६३ को लोकतान्त्रिक आन्दोलनपछि जारी अन्तरिम संविधान, अनि २०७२ सालमा आश्विन ३ गते संविधान सभाले निर्माण गरी जारी गरिएको संविधान हुन्।

१३.यसरी नै १९१० मा जंगबहादुरद्वारा जारी भएको नेपालको नयाँ मुलुकी ऐन नेपालको पहिलो कानून हो।

१४.संविधान र ऐन त नेपालमा कति जारी भए भए, गनिसाध्य छैन, भनिसाध्य छैन। नभएको त सुप्रशासन, सुव्यवस्था, विकास समृद्धि र निकास हो ।

१५.शासकहरुमध्ये राणा गए, शाह गए, इतिहास भए।

१६.तर हाम्रो अवस्था उस्तै उस्तै छ । अछुत भनिएकाहरु अछुतै नै छन् र छुत भनिएकाहरु छुतै छन् । समाजले खबरदार भनिरहेका छन्।

१७. वेद पुराणहरुले स्वर फिराएर ऋचा वाचन गरिरहेका छन्।

गाउँदै छन्, जसले अर्काको सम्पत्तिमाथि इर्ष्या, ढाहा गर्छ, उनीहरु पापी हुन्। ती पापीहरु कदापि मुक्त हुन सक्दैनन्।

१८.उनीहरुका लागि बैकुण्ठको ढोका बन्दछ। बैकुण्ठको ढोका खोल्ने मन भए यथास्थानमा आफू रहन पर्‍यो। यथास्थानमा रहन सिक।

१९.राजनीतिक क्षेत्रतिर हेर्ने भने अस्थिरताको पराकाष्ठा छ। सधैँ उथलपुथल र उलटफेर गर्ने, शङ्खघोष छ, शङ्ख ध्वनि गुजिरहेको छ।

२०.विकास र समृद्धिको लागि चाहिने बजेट संघीय तह सरकार, प्रदेश तह सरकार, उता के के हुन्, नाम भन्न पनि गाह्रो छ आयोग नियोग तिरै गएको छ । धाराको पानी गाग्री वा हत्तरमा भरेर घर लैजान सकिन्छ, तर त्यही धारालाई अन्तै सोझाएपछि घरतिर पानी जाँदैन । पानी लैजान सकिन्न। यस्तै भएर जनताको हत्तर वा गाग्री खाली भएको छ।

२१. प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारबाट एमालेलगायत पार्टीहरु बाहिरिएपछि र विश्वास छैन, अब तपाईं प्रचण्डले राष्ट्र जनतामा तात्विक असर पर्ने कुनै निर्णय नगर्न भनी आह्वान गरिसके पछि स्यालले भैंसीका आँडो कुरे भैं कुर्नुको कुनै अर्थ छैन। तर एक दिन भए पनि कुर्सीमा टिक्ने मोहले गाँजेको छ।

कठै कुर्सी भोक !

२२. अन्त्यमा मित्रहरु कांग्रेस एमालेको नयाँ समीकरणले संविधानको निर्वाचन सम्बन्धी धारा परिमार्जन गर्ने भन्ने जुन उद्घोष गरेको छ भने जस्तै गरोस्। ढाँट छल प्रपञ्च नहोस्, ।

२३.संविधान परिमार्जन गरिरहँदा जनताका अधिकारमा कटौती, घटौती गर्ने होइन बढौती मात्र होऊन्। अनावश्यक रौं काटेर छाँटेर मानव जाति सभ्यताको युगतिर अघि बढेभैं होस्, शुभकामना !

## सम्पादकीय

# अवैध ढंगले खाडी जान रोक

कुवेत पठाइदिने प्रलोभनमा पारी भारत पुऱ्याइएका ६ महिलाको उद्धार भएको छ । सीमा पारी सुनौलीस्थित एक पसलमा दलालले युवतीहरूलाई प्रलोभनमा पारिरहेका बेला भारतीय सीमा सुरक्षा बल एसएसबीको सहयोगमा सशस्त्र सीमा सुरक्षा कार्यालय भैरहवाको टोलीले उद्धार गरेको हो।

सरकारले वैदेशिक रोजगारीमा जानुअघि ध्यान दिनुपर्ने कुराहरूबारे सर्वसाधारणलाई जानकारी दिँदै आएको छ। जानु अघि कहाँ जाने, कति तलबमा जाने, श्रम स्वीकृति गराएर मात्रै जानेलगायतका विषयमा हेक्का राख्न सर्वसाधारणलाई सचेत गराए पनि बेवास्ता हुँदै आएको छ। श्रम स्वीकृति नलिई खाडी मुलुकमा महिला कामदार विभिन्न ढंगले पुग्न थालेपछि सरकारले नेपालबाट जान प्रतिबन्ध लगाएको छ । विभिन्न ढंगले खाडी मुलुकमा पुगेका महिला घरेलु कामदारको रूपमा काम गर्दा विभिन्न समस्या देखिएका छन् । यौन हिंसामा परेको र अन्य खालका दुर्व्यवहार भएपछि सरकारले कडाइ गर्दै आएको छ।

खाडी मुलुकमा अवैधानिक ढंगले पुग्दा जोखिम छ भन्ने जान्दाजान्दै महिलाहरू लहैलहैमा हिड्नु गलत छ। कतिपय जोखिम छैन भनेर दलालले ललाइफकाइ जान उस्काइरहेका छन् । उद्धार गरिएका महिलालाई कहाँ जाँदैछु, कति तलबमा के काम गर्न जाँदैछु भन्ने कुनै जानकारी नभएकोले उनीहरू भविष्यमा समस्यामा पर्ने निश्चित थियो।

गरिबी र आर्थिक अभावमा परेका महिलालाई खाडी मुलुकमा जोखिमयुक्त काममा पठाउनेहरू जति दोषी छन्, अभावमा पिल्सिएका महिलालाई स्वेदशमै बस्न सक्ने वातावरण तयार गर्न प्राथमिकता नदिने राज्य उत्तिकै दोषी छ। बाँच्नका लागि जहाँ जान र जे पनि गर्न तयार हुनुपर्ने बाध्यता छ। अहिलेको अभाव टार्न सकिन्छ भने भविष्यको संभावित कष्ट र सकस जे होला भन्ने प्रवृत्ति पनि व्याप्त छ। अभावमा पिल्सिएका समुदायलाई माथि उकास्न सीपमूलक तालिम दिने, रोजगारीका लीगि प्रबन्ध गर्ने र उनीहरूलाई व्यवसाय गर्नका लागि बीउ पुँजीको व्यवस्था गर्न ध्यान दिने हो भने स्वदेशमै केही गर्न सकिन्छ भन्ने आशा पलाउने थियो। आर्थिक वर्ष २०८०/०८१ मा नेपाल–भारत सीमा नाकाबाट १ सय १९ जनाको उद्धार भएको थियो। खुला सीमा भएकाले आवतजावत गर्न समस्या नभएकाले महिलाहरू सीमापारी पुग्न कठिन छैन । तसर्थ तहगत सरकारबीच सहकार्य गरी अवैध ढंगले खाडी मुलुक पुग्ने अवस्थाको अन्त्य हुनुपर्छ।

# फर्सीमा के-के पोषक तत्व पाइन्छ ? के फाइदा गर्छ ?



नेपालमा विभिन्न थरिका तरकारी पाइन्छन् । जसमध्ये फर्सी एउटा मिठो र सजिलै उपलब्ध हुने तरकारी हो । फर्सी मात्र नभएर यसको बियाँ र मुन्टा पनि पोषक तत्वका हिसाबले उत्कृष्ट मानिन्छ। बच्चादेखि वृद्धसम्म सबैले रुचाउने फर्सीमा प्रसस्त मात्रामा पाइने खनिज र भिटामिनले हाम्रो शरीरलाई स्वस्थ र तन्दुरुस्त राख्न मद्दत गर्छ।

फर्सीमा प्रसस्त मात्रामा 'बिटा क्यारोटिन' पाइन्छ, जसले शरीरभित्र 'भिटामिन ए' मा परिणत भई स्वस्थ आँखा र स्वस्थ मुटुका लागि मद्दत गर्छ। विभिन्न अनुसन्धानबाट बिटा क्यारोटिनले क्यान्सर हुनबाट जोगाउने पनि देखिएको छ। यसैगरी, फार्सीमा प्रसस्त मात्रामा पाइने पोटासियमले हाम्रो शरीरमा रक्तचापको सन्तुलन मिलाउन र हड्डीलाई मजबुत राख्न मद्दत गर्छ।

अन्य तरकारीजस्तै फर्सी पनि फाइबरको राम्रो स्रोत हो । दीर्घ रोगहरु (जस्तै- क्यान्सर, मोटोपना, मुटु रोग, मधुमेह आदि) लाग्न नदिन हाम्रो शरीरलाई साधारणताया दैनिक २५-३० ग्राम फाइबर चाइन्छ । शरीरको यस्तो आवश्यकता परिपूर्ति गर्न पनि फर्सी लाभदायक छ तरकारी हो।

क्यालोरी थोरै भए पनि फाइबर आवश्यक मात्रामा हुने भएकाले फर्सी खाएको लामो समयसम्म भोक लाग्दैन र तौल नियन्त्रण प्रक्रियामा सहयोग पुग्छ । यस बाहेक फर्सीमा 'भिटामिन ई' र 'सी' पनि पाइन्छ, जसले 'एन्टिअक्सिडेन्ट'का रूपमा हाम्रो शरीरमा काम गर्छ। शारीरिक प्रक्रियाबाट निस्केका 'फ्री रेडिकल्स' (जुन शरीरका लागि हानिकारक हुन्छन्) लाई बढ्न दिँदैन।

यस्तै, फर्सीको बियाँ प्रोटिनको उच्च स्रोत हो। यसमा प्रसस्त मात्रामा जिङ्क पनि पाइन्छ। जिङ्क शरीरका लागि अत्यावश्यक खनिज पदार्थ हो। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै कोषहरुको वृद्धि, पुरुषहरुको यौनक्षमता वृद्धि र इन्सुलिनको कामलाई नियन्त्रिण गर्न मद्दत गर्छ। जिङ्क गर्भवती महिलाका लागि पनि आवश्यक तत्व मानिन्छ।

यसैगरी बियाँमा पाइने 'अल्फा-लिनोलेनिक एसिड'ले हाम्रो मुटु स्वस्थ राख्न मद्दत गर्छ । अल्फा लिनोलेनिक एसिड हाम्रो शरीरभित्र गएर 'ओमेगा ३' र 'ओमेगा ६' जस्ता पोषक तत्वमा परिणत हुन्छ । जुन हाम्रो मुटु, आँखा र छालालाई स्वस्थ राख्न अत्यावश्यक छ।

फर्सीको बियाँमा 'ट्रिप्टोफ्यान' नामक पोषक तत्व पाइन्छ, जुन शरीरभित्र अनुकूल वातावरणमा 'सेरोटोनिन' नामक तत्वमा परिणत हुन्छ । सेरोटोनिनले हाम्रो मुड ठीक राख्न र राम्रो निद्रा पार्न मद्दत गर्छ। साथै, सेरोटोनिनले तीक्ष्णता वृद्धि गर्न पनि सघाउने विभिन्न अध्ययनले देखाएका छन्।

फर्सीको बियाँमा 'म्याग्नेसियम' नामको खनिज पदार्थ प्रसस्त मात्रामा पाइन्छ, जसले मुटुको कार्यमा सहयोग गर्नुका साथै दाँत र हड्डीको उचित विकाशमा मद्दत गर्छ।

माथि भनिएका पोषक तत्वसँगै फर्सीको बियाँमा म्यान्गनिज, कप्पर, सेलेनियम, भिटामिन बि, क्याल्सियम पनि पाइन्छ।

तर, ध्यान दिनुपर्ने कुरा के हो भने, फर्सीको बियाँमा हुने 'फाइटिक एसिड'ले माथि उल्लेख गरिएका पोषक तत्वको पाचन क्रियामा बाधा पुऱ्याउने भएकाले दिनहुँजसो खाँदा भिजाएर खानु बढी लाभदायक हुन्छ।

फर्सी र यसको बियाँजस्तै फर्सीको मुन्टा पनि उतिकै पोषिलो खानेकुरा हो । फर्सीको मुन्टामा पनि क्याल्सियम, पोटासियम, फस्फोरस, आइरन, म्याग्नेसियम, भिटामिन ए, के, बि, फोलेट, कप्पर, म्यान्गनिज जस्ता तत्व पाइन्छ। फर्सीको मुन्टामा प्रसस्त मात्रामा पाइने आइरनले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै रक्तअल्पता हुनबाट जोगाउँछ। स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा सामान्य अंकको गिरावट



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक चार दशमलव ६२ अङ्कले घटेर दुई हजार एक सय ३६ दशमलव ३५ को अङ्कमा कायम भएको हो।

तीन सय २४ कम्पनीको एक करोड चार लाख ७५ हजार एक सय ८१ कित्ता शेयर ५९ हजार नौ सय ७४ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५६ करोड ९८ लाख ३६ हजार एक सय छ बराबरको कारोबार भएको छ। वित्त समूह शून्य दशमलव २६, लघुवित्त शून्य दशमलव ९२ र म्युचुअल फण्ड शून्य दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव १८, विकास बैंक शून्य दशमलव ३६, होटल तथा पर्यटन शून्य दशमलव ९५ र जलविद्युत् समूह शून्य दशमलव ३९ प्रतिशतले घटेको छ। लगानी शून्य दशमलव २९, जीवन बिमा शून्य दशमलव ६२, उत्पादन तथा प्रशोधन शून्य दशमलव १५, निर्जीवन बिमा शून्य दशमलव ३३, व्यापार शून्य दशमलव ८२ र अन्य समूह शून्य दशमलव ५४ प्रतिशतले घटेको छ ।समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ६८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ३९ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २८ करोड ७० लाख ८० हजार नौ सय ३५ बराबरको तीन लाख ९० हजार दुई सय पाँच कित्ता शेयर किनबेच भएको छ। रासस

# स्याङ्जामा मनसुनजन्य विपद्को उच्च जोखिम

श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

स्याङ्जा जिल्लाका नागरिकलाई मौसमजन्य प्रकोपबाट बचाउन चौबिसै घण्टा नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनालाई हाइअलर्टमा रहिरहने व्यवस्था मिलाएको जनाएको छ। स्याङ्जा पहाडी भू-भाग धेरै भएको जिल्ला भएकाले बाढी पहिरोको अत्याधिक सम्भावना रहेकाले फेरि पनि जान सक्ने भएकाले सुरक्षित रहन समेत सबै नागरिकलाई जिल्ला सुरक्षा समितिले आग्रह गरेको छ।

यो वर्ष अत्याधिक वर्षा हुने र गण्डकी प्रदेशका ११ जिल्लामध्ये ८ जिल्ला उच्च जोखिममा रहेको गृहमन्त्रालयले जनाएको छ। ८ जिल्ला मध्ये स्याङ्जा पनि मनसुनजन्य विपद्को उच्च जोखिममा रहेको भन्दै जिल्ला सुरक्षा समितिले आफ्नो तयारी चालु अवस्थामा रहेको जनाएको छ।

स्याङ्जा मुख्यतया खोला तथा नदी किनारा र भिरालो एंव कमजोर जमिनमा मानववस्तीहरु रहेकोले नदी नालाको बहाव क्षेत्र मिचेर भौतिक संरचना निर्माणले गर्दा नदी बग्ने रुट परिवर्तन हुनु, भिरालो जमिनमा सडक विस्तार गर्नु र बढ्दो शहरीकरणसँगै अवेव्यस्थित बसाईका कारण मनसुनजन्य विपद् निम्तिने आँकलन गरिएको छ।

जथाभावी ढुङ्गा, गिट्टी, बालुवा र वनपैदावर जस्था प्राकृतिक श्रोतको दोहन र उत्खनन्ले गर्दा स्याङ्जा पनि जोखिममा रहेको सुरक्षा समितिले आकलन गरेको आँधीखोला व्यारेक सिंह शार्दुल गुल्मका सेनानी गुल्मपति पुरुषोत्तम कार्कीले बताए।

उनका अनुसार पहिरोको उच्च जोखिममा रहेका पालिकाहरु गल्याङ नगरपालिका, चापाकोट नगरपालिका, फेदिखोला गाउँपालिका, आँधीखोला गाउँपालिका, बिरुवा गाउँपालिका र कालीगण्डकी गाउँपालिका रहेका छन्। अन्य पालिकामा पहिरो जोखिम न्यून रहेको छ। त्यसैगरी बाढीको पनि उत्तिकै जोखिम देखिएको नेपाली सेनाको रिपोर्टले देखाएको छ। बाढीबाट उच्च जोखिममा रहेका पालिकाहरु पुतलीबजार, वालिङ नगरपालिका र बिरुवा गाउँपालिका रहेको छ। भीरकोट नगरपालिका र अर्जुनचौपारी, हरिनास गाउँपालिका भने बाढी र पहिरोको जोखिममा मध्यम देखिएको छ।

११ पालिकामध्ये बाढी र पहिरोको दुवै जोखिममा बिरुवा गाउँपालिका रहेको छ। असार २१ र २२ गते आएको अविरल वर्षाले बिरुवामा अन्य पालिकाको तुलनामा जनधनको क्षती पुऱ्याएको छ। सिंह शार्दुल गणका गणपति कार्कीले सेनाले विपद् व्यवस्थापन सामग्रीहरुसहित ४० जनाको टोली तयारी अवस्थामा रहिरहेको जानकारी दिए। तयारी अवस्थामा रहेको जनशक्ति मनसुनजन्य विपद्मा प्रभावकारी खोज तथा उद्धार कार्यमा तालिमप्राप्त हुन्।

विगत १० वर्षदेखि स्याङ्जामा मनसुनजन्य विपद्को आँकलन गरी जिल्ला सुरक्षा समितिले अझैं यो वर्ष स्याङ्जाका ११ ओटै पालिकामा वर्षाले पार्न सक्ने प्रभावलाई औंल्याएर प्रतिकार्यको तयारी थालेको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिइन्।

'मनसुनजन्य विपद् प्रतिकार्यका लागि हामी तयारी अवस्थामा छौं,' प्रजिअ नेपालले भनिन्-'सबै पालिकाका जनप्रतिनिधिहरुको विपद् प्रतिकार्यमा सहयोग हुने अपेक्षा राखेका छौं, सबै मिलेर नै मनसुनजन्य विपदलाई सामाना गर्न सक्छौं, सबैले आ–आफ्ना क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्छ।'

जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा विपद् सहायता कक्षा गठन भइसकेको र यो ११ ओटै पालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा विपद् सहायता कक्ष गठन भइसकेको प्रशासनले जनाएको छ। कुनै पनि बेला, समयमा आइपर्ने विपद्को जानकारी स्थानीय पालिका वा नजिकको प्रहरीलाई खबर गर्न पनि जिल्ला प्रशासनले आग्रह गरेको छ।

**९ जनाको ज्यान गयो**

मनसुन सुरु भएयता स्याङ्जामा ठुलो जनधनको क्षती भएको छ। गत असार २१ र २२ गते आएको अविरल वर्षाले ७ जनाको ज्यान गएको छ। योभन्दा अगाडि दुईजनाले ज्यान गुमाइसकेका थिए। अहिलेसम्म बाढी र पहिरोमा परी जिल्लामा ९ जनाले ज्यान गुमाइसकेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए।

पहिरोमा परी बिरुवा गाउँपालिका ६ लामाखेतमा पहिरोले घर पुरिएर ६५ वर्षीया गुहेश्वरी हर्मा मरासिनी, ६७ वर्षीया हरिमाया शर्मा र सोही गाउँपालिका ६ माझकोटमा ७१ वर्षीय माधव शर्माको ज्यान गएको छ। त्यसैगरी भीरकोट नगरपालिका ५ ज्यामिरेमा घर पुरिएर ७३ वर्षीया खेमकुमारी मल्लको ज्यान गएको छ।

बाढीले बगाएर पर्वत जिल्ला फलेबास नगरपालिका १ का ४० वर्षीय झलक पौडेललाई आँधीखोलाले बगाएर मृत्यु भएको छ भने पुतलीबजार १३ का सुरेश श्रेष्ठलाई आँधीखोलाले बगाएर मृत्यु भएको प्रहरीले जनाएको छ। पुतलीबजार १ का ७४ वर्षीय तिलबहादुर भुजेललाई अरगौदी खोलाले बगाएर मृत्यु भएको छ। यसभन्दा अगाडि असार १४ गते घरमा सुतिरहेको अवस्थामा फेदिखोला ५ बाँगेकी ३१ वर्षीय दुर्गा जिटी र उनकी ३ वर्षीया छोरी निसिका जिटीको घरमाथिबाट आएको पहिरोले पुरिएर निधन भएको थियो। अहिलेसम्म स्याङ्जामा पहिरोले पुरिएर ६ जनाको ज्यान गएको छ भने ३ जनाको बाढीले बगाएर ज्यान गएको प्रहरी नायव उपरीक्षक रानाले बताए।

बाढी र पहिरोका कारण झण्डै एकदर्जन मानिसहरु घाइते भएका छन् भने सयौं संख्यामा घर जोखिममा परेर सुरक्षित ठाउँमा बसिरहेका छन्। जिल्लाका ११ ओटै पालिकामा पहिरोका कारण धेरै घरहरु जोखिममा रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाको तथ्याङ्कले देखाएको छ। बाढी र पहिरोले पुऱ्याएको क्षतीको विवरण आउनेक्रम जारी रहेको प्रहरीले जनाएको छ।

अविरल वर्षाका कारण स्याङ्जाको सिद्धार्थ राजमार्गका विभिन्न ठाउँमा पहिरो गएको छ भने ग्रामीण सडकहरु पनि पहिरोका कारण पूर्णरुपले सूचारु हुन सकेका छैनन्।



# देवदह नगरपालिका-५, लाई बालमैत्री वडा घोषणा

देवदह। रुपन्देहीको देवदहनगरपालिका-५, लाई बालमैत्री वडा घोषणाअन्तर्गत जिल्ला समन्वय समिति रुपन्देही र सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। देवदह नगरपालिका-५, लाई बालमैत्री वडा घोषणाको अन्तिम तयारीमा रहेकोले जिल्ला समन्वय समिति रुपन्देहीले सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरेको हो।

बालमैत्री वडा घोषणा गर्नको लागि ५१ वटा सूचक पूरा गर्नुपर्ने भएकोले जिल्ला समन्वय समितिले सरोकारवालासँग सूचकको विषयमा अन्तर्क्रिया कार्यक्रम गरेको हो।

छलफल तथा अन्तर्क्रिया कार्यक्रममा वडाले प्रस्तुत गरेको ५१ वटा सूचकको बारेमा छलफल गरिएको थियो। सो अवसरमा बोल्दै वक्ताहरुले देवदह-५, वडा कार्यालयले ५१ वटा सूचक पूरा गरेकोले बालमैत्री वडा घोषणा गर्न सकिनेमा जोड दिएका थिए। बाल संरक्षण, बालविकास, बाल सहभागिता, संस्थागत विकास विषयमा भएको सूचकको विषयमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो।

सो अवसरमा बोल्दै जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले लामो समयको परीक्षापश्चात् देवदह-५, लाई बालमैत्री वडा घोषणा गर्ने तयारीमा रहेको बताए। उनले देवदह-५, लाई छिट्टै बालमैत्री वडा घोषणा गरिने बताउँदै अझैं पनि छुटेका केही सूचक रहे पूरा गर्न आग्रह गरे।



देवदह नगरपालिका-५, का वडाध्यक्ष गणेश डुम्रेको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति रुपन्देहीका अधिकारी कमल ज्ञवाली, नेपाल पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकालगायतले आ-आफ्ना सुझाव राखेका थिए।

अन्तर्क्रिया कार्यक्रममा पार्वती न्यौपाने, शान्ता लामिछाने, शान्ति रोका, अंकृत तिवारी, विष्णुप्रसाद ज्ञवाली, अञ्जु श्रेष्ठ, मोहनगैरे, रामबहादुर गुरुङ्ग, एञ्जिला भण्डारी, सावित्रा पौडेल, कोषबहादुर गुरुङ्ग, दिनानाथ अर्यालगायतले बोल्दै देवदह-५, बालमैत्री घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा गरेको बताएका थिए।

सोही अवसरमा जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख चपाईंले वडा कार्यालयले प्रकाशन गरेको बालबालिकाको स्थितिपत्र-२०८१ सार्वजनिक गरेका थिए।

बालमैत्री सहजकर्ता बविता भट्टराईको सञ्चालनमा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका उप-प्रमुख रामकृपा धोवी, देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गलगायतको सहभागिता रहेको थियो।


**बुटवल सुनचाँदी व्यवसायी संघ**

बुटवल, रुपन्देही

मितिः २०८१/०३/२४ को

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४५,५००

तेजावी सुन प्रति तोला : १,४५,८००

चांदी प्रति तोला :१,९२०


## सञ्चार माध्यमको कम्पनीको नाम परिवर्तन गरिएको सूचना

पहिलो पटक प्रकाशित मिति २०८१/०३/२५

राजकमल मिडिया प्रा.लि.का नाममा प्रकाशित/प्रशारित हुँदै आएकोमा कम्पनीको नाम परिवर्तन गरी सबल लुम्बिनी प्रा.लि. को नामबाट प्रकाशित/प्रसारित हुने जानकारी गराउँदछौं।

लुम्बिनी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

**अर्घाखाँची अस्पताल**

सन्धिखर्क, अर्घाखाँची

## विद्युतीय बोलपत्र आह्वान गरिएको सूचना

सूचना प्रकाशित मितिः२०८१/०३/२५

आ.व. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक तपसिलमा उल्लेखित सामग्री विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १. | NCB/AH/G/4/ 2080/81 | Procurement and supply of medicines | ३००० | ५००००० |
| २. | NCB/AH/G/5/ 2080/81 | Procurement and supply of Surgical Items | ३००० | १५१००० |

विस्तृत जानकारीको लागिः- Visit Website: www.bolpatra.gov.np तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०७७४२०१८८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

अस्पताल प्रशासन

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

# हार्दिक श्रद्धाञ्जली

जन्म : २०१३।०५।२४



स्वर्गारोहणः २०८१।०३।२०

**स्व. ऋषिराम ज्ञवाली**

यस जिल्ला फुटबल संघ रुपन्देहीमा महत्वपूर्ण योगदान दिनुभएका, खेलप्रेमी, सामाजिक व्यक्तित्व **ऋषिराम ज्ञवाली**को स्वर्गारोहणले हामीलाई मर्माहत बनाएको छ। शोकको यस दुःखद घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**लोक पुन**

अध्यक्ष (एवम्)

**जिल्ला फुटबल संघ रुपन्देही परिवार**

रुपन्देही


**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

दैनिक लुम्बिनी

# किशोर-किशोरीमैत्री स्वास्थ्य संस्था घोषणा



**गोविन्द घर्ती**

*देवदह*

रुपन्देहीको देवदह नगरपालिका-२, ढेकावरमा रहेको केरवानी स्वास्थ्य चौकीलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ। एक कार्यक्रम बीच देवदह नगरपालिकाका नगरप्रमुख ध्रुवप्रसाद खरेल र उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले संयुक्त रूपमा किशोर-किशोरी मैत्री स्वास्थ्य सेवायुक्त स्वास्थ्य संस्था घोषणा भएको प्रमाण पत्र स्वास्थ्य चौकीलाई प्रदान गरेको हो । घोषणासँगै केरवानी स्वास्थ्य चौकी देवदहको पहिलो किशोर-किशोरीमैत्री स्वास्थ्य सेवायुक्त स्वास्थ्य संस्था बनेको छ । किशोर-किशोरीमैत्री स्वास्थ्य सेवायुक्त स्वास्थ्य संस्था घोषणा हुन आवश्यक मापदण्डको ८० प्रतिशत मापदण्ड पूरा हुनु पर्ने भए पनि केरवानी स्वास्थ्य चौकीले ९७.७ प्रतिशत मापदण्ड पूरा गरेकोले किशोर-किशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको स्वास्थ्य शाखाले जनाएको छ।

केरवानी स्वास्थ्य चौकी, देवदह नगरपालिको स्वास्थ्य शाखाको अनुगमनपश्चात् घोषणा गरिएको हो। स्वास्थ्य चौकीले ८ वटा मापदण्ड र ४५ वटा सूचक पूरा गरेको स्वास्थ्य शाखाले जनाएको छ । स्वास्थ्य चौकीमा नियमित बिरामी जाँचसँगै, समुदायमा आधारित नवजात तथा एकीकृत बालरोग व्यवस्थापन, गर्भवती जाँच, सुत्केरी महिलाको जाँच, प्रयोगशालालगातयका सेवा दिँदै आएको स्वास्थ्य चौकीका प्रमुख काशीनाथ रेग्मीले जानकारी दिए।

सो अवसरमा बोल्दै नगरप्रमुख खरेलले किशोर किशोरीलाई स्वास्थ्यसम्बन्धी जानकारी गराउन आवश्यक रहेको बताए। उनले किशोर किशोरी अवस्थामा सही बाटो लैजान सकेमात्र भविश्य उज्ज्वल हुनेमा जोड दिए । उनले स्वास्थ्य चौकीलाई किशोर किशोरीमैत्री घोषणा गरेर मात्र नहुने भन्दै यसलाई निरन्तरता दिन आवश्यक रहेको बताए । नगर प्रमुख खरेलले स्वास्थ्य चौकीलाई किशोर-किशोरीमैत्री बनाउन महिला स्वास्थ्य स्वयम्सेवीका र स्वास्थ्यकर्मीहरुको महत्वपूर्ण योगदान रहेको जनाए । उनले समाज रुपान्तरण गर्न आमनागरिकलाई स्वास्थ्यको पहुँचमा पुऱ्याउन आवश्यक रहेको औंल्याए।

सोही अवसरमा बोल्दै उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले किशोर किशोरीलाई गलत बाटोमा जान नदिन सबैले भूमिका खेल्नु पर्नेमा जोड दिइन् । उनले किशोर- किशोरीलाई सचेतना दिन नसक्दा कहिले काही दुर्घटना हुने गरेको बताइन् । उनले घोषणा गरेर मात्र हुँदैन दीगोपना र सुनिश्चितता कायम कायम राख्नु पर्नेमा जोड दिइन् । देवदह नगरपालिका-२, का वडाध्यक्ष दलबहादुर रास्कोटीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य गीता भण्डारीलगायतले बोलेका थिए । केरवानी स्वास्थ्य चौकीका प्रमुख काशीनाथ रेग्मीको स्वागत र नर्सिङ अधिकृत माया पुनको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# एन्फामा छनोट विद्यार्थी खेलाडीलाई अभिमुखीकरण



बुटवल । अखिल नेपाल फुटबल संघ (एन्फा) द्वारा देशभरबाट छनौट भएका फुटबल खेलाडी विद्यार्थीहरुलाई सोमबार अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

नवीन औद्योगिक कदरबहादुर रीता मा.वि. देवीनगरमा आयोजित अभिमुखीकरणमा एन्फा केन्द्रीय उपाध्यक्ष दीर्घबहादुर के.सी (कुमार) लेविद्यालयले सानो कक्षादेखि नै व्यावहारिक ज्ञान प्रदान गरेर विद्यार्थीहरुको व्यक्तित्व र नेतृत्व विकासमा प्राथमिकता दिएकोमा विद्यालयको प्रणाली प्रति आफू पूर्ण सन्तुष्ट भएको बताए।

उनले विद्यालयले एन्फाका प्रस्तावहरुलाई सहर्ष स्वीकार गरेकोमा खुशी व्यक्त गर्दै विद्यालयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा खेलबाट विद्यार्थीहरुले पहिचान गराउने प्रतिबद्धता व्यक्त गरे ।

रुपन्देही जिल्ला फुटबल संघका अध्यक्ष एवं तिलोत्तमा नगर खेलकुद विकास समितिका संयोजक लोक पुनले विद्यालयले पठनपाठन र खेलकुदलाई सन्तुलनमा व्यवस्थित गराएर अगुवाइ गरेकोमा खुशी व्यक्त गरे ।

अखिल नेपाल फुटबल संघले फुटबल खेलमा १३ वर्ष उमेर मुनिका खेलाडीहरु राष्ट्रिय रुपमा छनौट गरी खेलाडी उत्पादन गर्ने योजनाअनुसार नेपाल भरबाट १४ वटा जिल्लाबाट २५ जना छनौट गरी आवासीय सुविधासहित प्रशिक्षण र पठनपाठनको जिम्मेवारी जिल्लाले व्यवस्थापन गर्नेगरी पठाएको छ।

रुपन्देही जिल्लाबाट बुटवल उप-महानगरपालिकासहित ६ जना, कास्की, स्याङ्जा, ललितपुर र सुर्खेतबाट तीन/तीन जना, कैलाली, पर्वत र पूर्वी नवलपरासीबाट दुई/दुई जना, बाग्लुङ, पाल्पा, जुम्ला, कञ्चनपुर, बाजुरा र कपिलवस्तुका एक/एक गरी जम्मा ३० जना रहेका छन् ।

खेलाडी विद्यार्थीहरु कक्षा ६ मा पढ्ने एक जना, कक्षा ७ मा ६ जना, कक्षा ८ मा १० जना, कक्षा ९ मा ११ जना र कक्षा १० मा २ जना अध्ययनरत छन् । विभिन्न परिवेश र जिल्लाबाट आएका छात्र खेलाडी विद्यार्थीहरुलाई खेलकुद प्रशिक्षण, आवासीय बसोवास, पठनपाठन, विद्यालयका आचार संहिता, अनुशासन, बुटवल उप-महानगरपालिकाको र अखिल नेपाल फुटबल संघको खेलाडीप्रति गरेको लगानीको सही सदुपयोग, नतिजामुखी र अरुले पनि गर्व गर्ने खालको समग्र कार्य सम्पादन आवश्यक महशुस गरी विद्यालयले खेलाडी विद्यार्थी अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो ।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा कक्षा ६ ए का विद्यार्थी विश्व खनालको सञ्चालनमा सम्पन्न कार्यक्रममा रुपन्देही जिल्ला फुटबल संघका उपाध्यक्ष एवं एन्फा एकेडेमी बुटवलका डाइरेक्टर बुद्धिबहादुर गुरुङ, विद्यालयका अतिरिक्त क्रियाकलाप इञ्चार्ज लक्ष्मण भुसाल सहभागी विद्यार्थीको तर्फबाट विद्यार्थी खेलाडी विशाल रजकलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# कञ्चनमा नयाँ शैक्षिक सत्रको योजना प्रस्तुतिकरण



**जगीलाल थापा**

*कञ्चन*

रुपन्देहीको कञ्चन गाउँपालिकाले पालिकाको माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण २०८० को समीक्षा तथा नयाँ शैक्षिका सत्रका लागि योजना प्रस्तुतिकरण कार्यक्रम सम्पन्न गरेको छ। माध्यमिक परीक्षा उत्तीर्ण २०८० मा अपेक्षित नतिजा प्राप्त नभएपछि कञ्चनका सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु बीच उक्त समीक्षा तथा योजना प्रस्तुतिकरण कार्यक्रम गरिएको हो।

कार्यक्रममा माध्यमिक शिक्षा परीक्षा २०८० मा सहभागी कञ्चनका १७ वटा विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यस्थापन समितिका प्रतिनिधिहरुले सहभागिता जनाई विद्यालयको माध्यमिक शिक्षा परीक्षा २०८० को नतिजा र आगामी वर्षहरुमा अपेक्षित नतिजा प्राप्त गर्न तयार पारेका रणनीतिक योजनाहरुबारे समीक्षात्मक प्रस्तुतिकरण गरेका थिए।

कार्यक्रममा कञ्चन गाउँपालिकाका अध्यक्ष नवारज ढकालले कञ्चन शैक्षिक सुधारका लागि विद्यालय, शिक्षक, अभिभावक तथा विद्यार्थीहरु बीचको अन्तर सम्बन्धलाई अझ व्यवस्थित गर्न आवश्यक रहेको बताए । यसैगरी उपाध्यक्ष मौसमी थापामगरले शिक्षा बिना समाजको चेतनास्तरमा कुनै परिवर्तन नहुने भएकोले विद्यालयमा शिक्षण कृयाकलाप सञ्चालन गर्दा विद्यार्थीहरुको सिकाइ उपलब्धिसँगसँगै उनीहरुमा आएको चेतनास्तरमा समेत विकास गर्नु गराउनु आवश्य रहेको बताइन् । यस्तै कार्यपालिका सदस्य तथा सामाजिक विकास समितिका संयोजक चित्र तुलाचन, शिक्षा समितिका सदस्य बासुदेव पौडेल, लुम्बिनी ज्ञान निकेतन माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकराज पौडेल (गणेश), शिक्षा अधिकृत रमेश भूसाल, ईश्वरी ज्ञवालीलगायतले बोलेका थिए।

# नवलपुरमा व्यावसायिक स्याउ खेती



नवलपुर (नवलपरासी) । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को मध्यविन्दु-३ ब्रह्मस्थानमा व्यावसायिक स्याउ खेती सुरु गरिएको छ । प्रायः चिसो हावापानी भएको भूगोलमा खेती गरिने स्याउ पहिलो पटक मधेशमा एग्रिकल्चर एण्ड फरेस्ट कञ्जरभेसन रिसर्च सेन्टर प्रालि (एएफसीआरसी)ले खेती गरेको हो।

एएफसीआरसीले अधिकतम् ४० डिग्री सेल्सियस सम्म तापक्रम हुने यहाँको पाँच बिघा क्षेत्रफलमा स्याउ रोपेको छ । यहाँ रोपिएका स्याउ दुई वर्षमै फल्न थालेको छ । प्रालिका व्यवस्थापक ईश्वर भट्टराईले भारतको कास्मिरबाट 'अन्ना', 'डोरसेट' र 'एचआरएम-९९' प्रजातिको स्याउको बिरुवा ल्याएर खेती गरिएको जानकारी दिए । "यी प्रजातिका स्याउ न्यूनतम ६ देखि अधिकतम ४५ डिग्री सेल्सियससम्मको तापक्रममा फल्छ", उनले भने-"बिरुवा रोपेको दुई वर्षपछिनै फल दिन थालेको छ।"

एएफसीआरसीले करिब तीन हजार पाँच सय स्याउको बिरुवा रोपेको छ । एउटा बोटमा ३० वटासम्म स्याउका दाना फलेका छन् । गर्मी धेरै भएकाले केही स्याउका दानाहरु फुटेको उनले बताए । यहाँ लगाइएको स्याउको फल पहेँलो रङ र स्वाद फुजी स्याउको जस्तै हुने उनको भनाइ छ। एएफसीआरसीले ४० बिघा क्षेत्रफलमा स्याउसँगै अम्बा, सुनकागती, शीतलचिनी, चेरी, भूइँकटहर, केरा, उन्नत जातको ममफलीलगायतका फलफूल लगाएको छ। यहाँ लगाइएका फलफूल खेतीका लागि थोपा सिँचाइ प्रयोग गरिएको एएफसीआरसीका व्यवस्थापक भट्टराईको भनाइ छ । एएफसीआरसीले फलफूल खेतीसँगै 'टिस्यू कल्चर' प्रविधिबाट उत्पादन गरेर केरा तथा बाँसको बिरुवा देशभरी बिक्री वितरण गर्दै आइरहेको छ । गुणस्तरीय वनस्पतिको कोष, तन्तु वा कुनै एक भागलाई निकालेर नियन्त्रित प्रयोगशाला वा कीटाणुरहित वातावरणमा ठूलो संख्यामा बिरुवा उमार्ने आधुनिक प्रविधिलाई टिस्यु कल्चर प्रविधि भनिन्छ । छोटो समयमा एउटा राम्रो बिरुवाबाट अरु हजारौं बिरुवा उत्पादन गर्न र राम्रो उत्पादन दिन यो प्रविधि अपनाउने गरिन्छ। टिस्यू कल्चर ल्याब स्थापना गर्ने बेला सरकारले अनुदान सहयोग गरेको थियो । उत्पादन गरिएका जिनाइन प्रजातिका केराका बेर्ना तथा बाँसका बिरुवा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र र स्थानीय सरकारले देशैभर लैजाने गरेको उनले जनाए। केराको बिरुवा प्रतिगोटा रु ३५ देखि रु ६० सम्म र बाँसको बिरुवा प्रतिगोटा रु एक सय ३० मा बिक्री गरिन्छ। टिस्यू कल्चर प्रविधिबाट उत्पादन गरिएका 'बालकोवा' प्रजातिको बाँस पहाडी क्षेत्रमा भूक्षय नियन्त्रण एवम् तराई क्षेत्रमा नदी कटान रोकथामका लागि लैजाने गरेको एएफसीआरसीलेजनाएको छ।





ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com